प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

सिराहा

(पशु विकास तथा प्रविधि प्रसार शाखा)

प.सं.:- २०७८/७९ मितिः- २०७८/०१/२३

च.नं.:- १४१

विषयः- सूचना टाँस गरी जानकारी पठाई दिनु हुन।

श्री सिराहा जिल्ला स्थित स्थानिय तहहरु गोलबजार न.पा., लहान न.पा., सिराहा न.पा. सखुवानन्कारकट्टी गा.पा., धनगढीमाई न.पा. कल्याणपुर न.पा.

सिराहा।

प्रस्तुत विषयमा मिति २०७८/०१/२३ गतेको अपन दैनिक राष्ट्रिय दैनिक पत्रिकामा यस विज्ञ केन्द्रको एकल महिलाको जिविकोपार्जनकोलागि पशुपन्छी पालन कार्यक्रम संचालन का लागि प्रस्ताव आह्वान सम्बन्धी संलग्न सूचना प्रकाशित भएको हुँदा तहाँको सूचना पाटीमा उक्त सूचना टाँसका लागि आवश्यक व्यवस्था मिलाई सो को जानकारी समेत यस विज्ञ केन्द्रमा पठाई दिनु हुन अनुरोध छ।

बोधार्थः

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. २, जनकपुरधाम।

श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश नं. २, जनकपुरधाम।

वीरेन्द्र कुमार पाण्डे
तयार गर्ने

संन्तोष कुमार सिंह
केन्द्र प्रमुख
केन्द्र प्रमुख

वेवसाईट https://vhlsecsiraha.p2.gov.np सम्पर्कः- e-mail: vhlsec.siraha@gmail.com ☎ ०३३-५-२०००८

प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

सिराहा, नेपाल

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७८/०१/२३**

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिराहाको आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **एकल महिलाको जिविकोपार्जनकोलागि पशुपन्छी पालन कार्यक्रम** संचालनका लागि लागत साझेदारीमा संचालन गर्न **ईच्छुक एकल महिलाहरुले** यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन (मिति २०७८/०२/०६) सम्म यस विज्ञ केन्द्रमा कार्यालय समय भित्र तपसिल बमोजिमका कागजातहरु संलग्न राखी सिलबन्दी आवेदन/प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । थप जानकारीका लागि विज्ञ केन्द्रको फोन नं. ०३३-५२०००८ वा पशु विकास तथा प्रविधि प्रसार शाखाका कर्मचारी श्री बिरेन्द्र कुमार यादव (अधिकृतस्तर छैठौं, ला.पो.डे.डे.) लाई मोबाईल नम्बर ९८५२८३४८०२ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

### तपसिल

१. रु. १०।- को हुलाक टिकट टाँसेका फा.नं.२ अनुसारको प्रस्ताव/आवेदन,
२. फा.नं.३ बमोजिमको कार्ययोजना,
३. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
४. सम्बन्ध विच्छेद गरेकी महिला/अंशवण्डा गरी वा मानो छुटिई श्रीमान्सँग अलग बसेकी महिला/श्रीमान्को मृत्यु भएको महिला/पैतीस वर्ष उमेर पूरा गरेकी अविवाहित महिला/श्रीमान् पाँच वर्ष भन्दा बढी समय देखि हराएका वा वेपत्ता भएकाका श्रीमति, साठी वर्ष ननाघेकी शारिरीक रुपमा सक्षम र आर्थिक दृष्टिले विपन्न "**एकल महिला**" भनी स्थानीय तह वा आधिकारिक निकायबाट पहिचान खुल्ने कागजातहरु ।
५. प्रचलित कानूनले अयोग्य नठहरिएको,
६. आवेदकले कार्यक्रम संचालनका लागि पोखरी निर्माण, पोखरी ठेक्का, गोठ, खोर निर्माण/सुधार तथा घाँस व्यवस्थापन गर्ने निजि जग्गा भए जग्गाधनि प्रमाणपूर्जाको प्रतिलिपि वा सो नभए कार्यक्रम संचालन गर्ने स्थलको स्वामित्वको स्वघोषणा प्रतिद्धता फा.नं. ३ मा उल्लेख गर्नु पर्ने,
७. आवेदकले प्राप्त गरेको अन्य प्रमाणपत्रहरु तालिम, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु,
८. अन्य आवश्यक कागजातहरु ।

**कार्यक्रम संचालन हुने स्थानीय तह तथा वडा नम्बरहरु**

| | | |
|---|---|---|
| गोलबजार न.पा. वडा नं.७ | लहान न.पा. वडा नं.३ | सखुवानन्कारकटी वडा नं.३ |
| सिराहा न.पा. वडा नं १७ | धनगढीमाई वडा नं ९ | कल्याणपुर वडा नं ५ |

**पुनश्चः सूचना तथा निवेदन/प्रस्तावको ढाँचा विज्ञ केन्द्रबाट प्राप्त गर्नु हुन वा कार्यालयको वेबसाईट vhlsecsiraha.p2.gov.np बाट डाउनलोड गर्नु हुन अनुरोध छ ।**

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिराहा**